# Diley Ridge Medical Center

# Financial Assistance and Charity Care Policy
# (आर्थिक सहायता तथा परोपकार स्याहार नीति)

हाम्रो समुदायहरू भित्र परोपकारी तथा परिवर्तित चिकित्सा सहायता प्रदान गर्ने हाम्रो लक्ष्यसँगै, माउन्ट हेल्थ सिस्टम सम्पूर्ण बिरामीहरूलाई मेडिकल आवश्यकता अनुसार स्वास्थ्य स्याहार सेवाहरू प्रदान गर्न प्रतिबद्ध छ।

आर्थिक सहायता आवश्यक भएका बिरामीहरू वा केहि समयका लागि आर्थिक कठिनाइ अनुभव गरेका बिरामीहरूका लागि, Diley Ridge Medical Center (माउन्ट कार्मेल हेल्थ सिस्टम) ले विभिन्न सहायता र दान तथा छुट हेरविचार, अल्पकालीन तथा दिर्घकालीन भुक्तानी योजनाहरू तथा बिरामीहरूको भुक्तानीका लागि अनलाइन रोगी पोर्टल लगायतका भुक्तानीका विकल्पहरू प्रदान गर्दछ।

## *अबीमाकृत बिरामीहरू*

Diley Ridge Medical Center (माउन्ट कार्मेल हेल्थ सिस्टम) ले चिकित सकीय रूपमा आवश यक रहेका सेवाहरू प्राप्त गर्ने सबै अबीमाकृत बिरामीहरूलाई छुट प्रदान गर्दछ। अबीमाकृत छुट रकम संघीय गरीबी स्तर (Federal Poverty Level, FPL) मार्गदर्शनहरूमा आधारित हुन्छ। बिरामीको जानकारी विवरणहरूमा छुट रकम तथा बाँकी तिर्नु पर्ने रकम देखाइएने छ। सबै चिकित्सकीय रूपमा आवश्यक सेवाहरू अबीमाकृत छुट पाउनको लागि योग्य हुन्छन् । Diley Ridge Medical Center (माउण ट कार्मेल हेल्थ सिस्टम) ले बिरामीहरूलाई आवासीय आवश्यकताहरूको आधारमा योग्य ठहर गर्न सक्छ।

बीमाले सामान्यतया समाविष्ट नगर्ने सेवाहरू जस्तै कस्मेटिक पद्धतिहरू, श्रवन यन्त्रहरू र आँखाको स्याहारको शुल्क अतिरिक्त छुट बिना प्याकेज दरमा निर्धारण गरिएको हुन्छ। सेवा प्राप्त गर्ने समयमा सबै भुक्तानीहरू गरिन्छ भनी अपेक्षा गरिन्छ।

## *अल्पकालीन तथा दीर्घकालीन भुक्तानी योजनाहरू*

आफ्नो पूर्ण वा आंशिक वित्तीय जिम्मेवारी वहन गर्न नसक्ने बिरामीहरू अल्पकालीन वा दीर्घकालीन भुक्तानी योजनाहरूको लागि योग्य हुन सक छन् । Diley Ridge Medical Center (माउण ट कार्मेल हेल्थ सिस्टम) को अल्पकालीन भुक्तानी योजनामा ब्याज तिर्नुपर्दैन र बिरामीले आफूले तिर्न बाँकी रहेको रकम एक वर्ष भित्रमा पूर्ण रूपमा चुक्ता गर्नुपर्छ। तिर्न बाँकी रहेको रकमलाई एक वर्ष भित्र चुक्ता गर्न नसक्ने बिरामीहरूको लागि HealthFirst Financial Services (हेल्थफर्स्ट फाइनान्सिय सर्भिसेज) मार्फत दीर्घकालीन ब्याज-युक्त भुक्तानी योजनाहरू उपलब्ध छन्।

## *आर्थिक सहायता / परोपकार स्याहार नीति*

संघीय गरीबी मार्गर्शनहरूको 200% वा सोभन्दा कम आर्जन गर्ने बिरामीहरूको लागि चिकित्सकीय रूपमा आवश्यक सेवाहरूमा 100% छुट उपलब्ध छ। हाम्रो परोपकारी कार्यक्रममा कस्मेटिक सर्जरी जस्ता अत्यावश्यक नरहेका सेवाहरूलाई समावेश गरिँदैन। संघीय गरीबी स्तर मार्गदर्शनहरूको 200 देखि 400 प्रतिशतको बीचमा आर्जन गर्ने अबीमाकृत व्यक्तिहरू आंशिक छुटको लागि योग्य छन् जुन Medicare छुट दर बराबर हुन्छ। आर्थिक सहायताका लागि योग्य बिरामीहरूलाई Medicare बाट  दिइने छुट रकम भन्दा बढि शुल्क लाग्ने छैन।

यदि बिरामी आर्थिक सहायताको लागि योग्य छ र संघीय गरीबी स्तर मार्गदर्शनहरूको 200 प्रतिशतभन्दा कम आर्जन गर्छ भने, बिरामी सह-भुक्तानी र कटौतीहरू छुट-युक्त दरको लागि योग्य हुन सक्छन्।

आफ्नो चिकित्सकीय स्याहारसँग सम्बन्धित आपत्तिजनक लागतहरू सामना गरिरहेका बिरामीहरूको लागि पनि छुट उपलब्ध छ। आपत्तिजनक लागत भनेको त्यो हो जब एक पटकको स्याहारको लागि बिरामीले उनीहरूको वार्षिक आम्दानीभन्दा 20 प्रतिशत बढी बराबरको खर्च बेहोर्नुपर्छ। यी मामिलाहरूमा, बिरामी सह-भुक्तानी र कटौतीहरूलाई पनि छुटमा समावेश गरिन सक्छ।

यदि बिरामीहरू Health Insurance Exchange (हेल्थ इन्सुरेन्स एक्सचेन्ज) योजना वा Medicaid योग्यता जस्ता अन्य वित्तीय स्रोतहरूको लागि योग्य छन् तर यी स्रोतहरूको लागि आवेदन दिन अस्वीकार गर्छन् वा अनिच्छुक छन् भने, परोपकारी स्याहार छुटहरू अस्वीकार गरिन सक्छ।

आथिकर् सहायताको लागि आवेदन दिन, यो वेबपेजमा रहेको आवेदन पूरा गरेर बुझाउनुहोस् । Diley Ridge

Medical Center Financial Assistance Policy (माउण ट कार्मेल हेल्थ सिस्टम आथिकर सहायता नीति) को पूर्ण संस्करण यो वेबपेजमा वा https://www.dileyridgemedicalcenter.com/patient-information/pricing-information मा पनि उपलब्ध छ।

## *बिरामी आर्थिक सेवाहरू*

आर्थिक सहायता आवेदनहरू पूरा गर्न र के-कस्तो सहायता उपलब्ध छ भनी निर्धारण गर्नमा बिरामीलाई मद्दत गर्नको लागि वित्तीय परामर्शदाताहरू उपलब्ध छन्। यसमा Medicaid र Health Insurance Exchange (हेल्थ इन्सुरेन्स एक्सचेन्ज) को लागि योग्यताको मूल्याङ्कन गर्नु पनि पर्दछ।

बिरामीहरूले उनीहरूले स्याहार प्राप्त गर्ने अस्पतालमा वित्तीय परामर्शदाताहरूलाई सम्पर्क गरी आर्थिक सहायताको लागि योग्यताहरू निर्धारण गर्ने कार्यमा सहायता प्राप्त गर्न सक्छन्। आर्थिक परामर्शदाताहरू Financial Assistance Policy (आर्थिक सहायता नीति), आवेदन, र साधारण भाषामा लेखिएको सारांश को प्रतिलिपिहरू पनि निः शुल्क प्रदान गर्न सक्छन्। MCHS ग्राहक सेवा विभाग, 6150 East Broad St. Columbus, OH 43213, PH# 800-346-1009 मा आवेदन गरेर पनि निः शुल्क प्रतिलिपिहरू प्राप्त गर्न सकिन्छ। आर्थिक सहायता नीति, आवेदन र साधारण भाषामा लेखिएको सारांश लाई निम्न भाषाहरूमा अनुवाद गरी सकिएका छन्: स्प्यानिश, सोमाली, नेपाली, चिनियाँ, अरेबिक, फ्रेन्च, म्यान्ड्रेन (Mandarin), जापानी, रसियन, कोरियन, र वियतनामीज (Vietnamese)। आर्थिक सहायताको लागि योग्य रहेको कुनैपनि बिरामीलाई अस्पतालले सामान्यतया लगाउने शुल्क, अर्थात् Medicare दरभन्दा बढी शुल्क भुक्तान गर्न लगाइनेछैन।

## *स्वास्थ्य बीमा बजार*

Affordable Care Act (अफोर्डेबल केयर एक्ट) का लागि हरेक व्यक्ति जनवरी 1, 2014 मा सुरू हुने स्वास्थ्य बीमा सहित कानूनी रूपमा अमेरिकामा बसोबास गर्ने हुनुपर्छ। यसले थोरै बीमा रकम भएका वा बीमा नगरेका लाखौं व्यक्तिहरूलाई फरक-फरक शुल्कमा स्वास्थ्य योजनाहरूमा पहुँच गराउँछ। यो कानूनले परिवारको आकार र आम्दानीको आधारमा योग्य ठहर भएकाहरूलाई पनि आर्थिक सहायता प्रदान गर्दछ। थप जानकारी को लागि कृपया तपाईंले स्याहार प्राप्त गर्नुभएको सुविधास्थलमा वित्तीय परामर्शदातासँग भेट्नुहोस्। अक्टोबर 1, 2013 देखि, तपाईं नयाँ अनलाइन स्वास्थ्य बीमा मार्केटप्लेसमा खरीद विक्री गर्न सक्नुहुन्छ यसलाई स्वास्थ्य बीमा एक्सचेन्ज पनि भनिन्छ, जहाँ तपाईंले आफ्नो बजेट तथा आवश्यकता अनुरुपका योजनाहरू प्राप्त गर्नुहुन्छ। स्वास्थ्य बीमा एक्सचेन्ज मार्केटप्लेसका लागि अर्को भर्ना नोभेम्बर 2016 मा खुला हुन्छ।